# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं ज्येष्ठ ७ गते २०१४ साल

## पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. १

शिक्षामंत्रालय-अन्तर्गत त्रिचन्द्र कलेजलाई फिजिक्सको एकजना लेक्चरर चाहिएको छ। योग्य उमेदवारहरूले प. स. क.दरखास्त फाराम नं. १(२०१०) मा आफ्नो विवरण स्पष्ट खुलाई २०१४ साल आषाढ २६ गतेरोज ४ सम्ममा तलको ठेगानामा पुग्ने गरी फी दस्तुर मो०रु ३। वा त्यतिको नेपाली टिकट सहित दरखास्त गर्नु होला। दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक, गढी, गौंडा, गोस्वारामा पनि पाइनेछ। फी दस्तुर नभएका र म्याद नाघी आएका दरखास्तउपर कुनै विचार हुनेछैन।

पदको विवरण यस प्रकार छः—

१. पदः—लेक्चरर, स्थायी तथा पेन्सन पाइने।

२. आवश्यक न्यूनतम योग्यताः—फिजिक्स लिई एम्. एस्सी. पास भएका।

३. वांछनीय योग्यताः—पहिला वा दोश्रा श्रेणीमा पास भएकालाई प्राथमिकता दिइनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. मासिक तलबको स्केल र भत्ताः—तलब मोरु १८०। देखि ५००। महँगी भत्ता मोरु २०।

आज्ञाले—
खड्गमान मल्ल,
सेक्रेटरी—पब्लिक सर्भिस कमिशन,
सिंहदरबार काठमाडौं, नेपाल.

## पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. १०

शिक्षामन्त्रालय-अन्तर्गत किन्सी प्रारम्भिक पाठशालालाई दुइ प्रारम्भिक शिक्षकहरू चाहिएका छन्। योग्य उमेदवारहरूले प. स. क. फाराम नं. १ (२०१०) मा आफ्नो बेहोरा स्पष्ट भरी तलको ठेगानामा पुग्ने गरी फी मोरु १। नगद वा त्यतिको नेपाली टिकटसहित २०१४ साल श्रावण २ गते रोज ४ सम्ममा दर-खास्त गर्नु होला। फी दस्तुर नभएका दरखास्तउपर विचार हुनेछैन। दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक, गढी, गौंडा, गोस्वारामा पनि पाइन्छ।

पदका विवरण यसप्रकार छन्:—

१. पदः- प्रारम्भिक शिक्षक, स्थायी तथा पेन्सन पाइने।
२. आवश्यक न्यूनतम योग्यताः- पूर्वमध्यमा उत्तीर्ण।
३. वाँछनीय योग्यताः- अंग्रेजीमा मिडिलसंम योग्यता भएकालाई प्राद्यता दिने।
४. मासिक तलब र भत्ताः- तलब मोरु ३५। देखि ६०। सम्म र महँगी भत्ता मोरु १०।

आज्ञाले—
खडगमान मल्ल,
सेक्रटरी-पब्लिक सर्भिस कमिशन
सिंहदरबार, काठमाडौं, नेपाल.

## पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. ११

शिक्षामन्त्रालय-अन्तर्गत टेक्निकल स्कूललाई एक ड्राइंग मास्टर चाहिएको छ। योग्य उमेदवारहरूले प. स. क. दरखास्त फाराम नं. १ (२०१०) मा आफ्नो बेहोरा स्पष्ट भरी तलको ठेगानामा पुग्ने गरी फी दस्तुर मोरु १। वा त्यतिको ने-

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पाली टिकटसहित २०१४ साल श्रावण २ गते रोज ४ सम्ममा दरखास्त गनु - होला । फी दस्तुर नभएका दरखास्तउपर बिचार हुनेछैन । दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक, गढी, गौंडा, गोस्वारामा पाइन्छ ।

पदको विवरण यस प्रकार छः--

१. पदः--ड्राइंग माष्टर, स्थायी तथा पेन्सन पाइने ।

२. आवश्यक न्यूनतम योग्यता--ड्राइंग विषयमा पास ।

३. बांछनीय योग्यताः--पहिला वा दोश्रा श्रेणीलाई प्राद्युथता दिने ।

४. मासिक तलब र भत्ताः-- तलब मोरु ७०। देखि १३०। र भत्ता मोरु १२।५०

आज्ञाले--

खड्‌गमान मल्ल,

सेक्रेटरी--पब्लिक सर्भिस कमिशन,

सिंहदरबार काठमाडौं नेपाल.

गोरखापत्र छापाखानामा मुद्रित । मेनेजर प्रेमराज शर्मा

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।